**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 5, Volume 5, Issue 1, April 2023
Published by Sotang Public Campus

# विप्लवी उपन्यासमा लैङ्गिक पहिचान र प्रतिनिधित्व

**सरस्वती पाण्डे**

*Article History : Submitted 16 Jan. 2023; Reviewed 13 Feb. 2023; Accepted 25 March 2023*
*Author : Sharaswoti Pandey Email: pandeysaras02@gmail.com*
*DOI: https://doi.org/10.3126/sotang.v5i1.65062*

**लेखसार**

*प्रस्तुत अध्ययनमा सानु शर्माको विप्लवी उपन्यासमा अभिव्यक्त विचारलाई साहित्य समालोचना पद्धतिका प्रचलित अवधारणामध्ये लैङ्गिक पहिचान र प्रतिनिधित्वलाई आधार बनाई विश्लेषण गरिएको छ । जुडिथ बटलर, आल्थुसरका पहिचान र प्रतिनिधित्वसम्बन्धी अवधारणालाई आधार बनाई विवेच्य कृतिको विश्लेषण गरिएको छ । विश्लेषणका लागि पुस्तकालयीय अध्ययनका आधारमा सामग्री सङ्कलन गरी निगमनात्मक विधि अपनाई पाठविश्लेषण गरिएको छ । शर्माको विप्लवी उपन्यासमा पुरुषले नारीलाई कसरी आर्थिक, मानसिक र शारीरिक शोषण गर्छ भन्ने कुरा लैङ्गिक पहिचान र प्रतिनिधित्वका माध्यमबाट प्रस्तुत गरिएको छ । यसका साथै नारीहरूले सुरुमा बोल्न नसके पनि बिस्तारै अन्यायका विरुद्ध उत्रिएर आफ्ना आवाज बाहिर ल्याउन खोजेको, उनीहरूमा बिस्तारै आफ्नो अस्तित्व बारे चेतना विकास भएको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । समाजमा विद्यमान लैङ्गिक विभेदका कारण नारीहरू सधैँ पुरुषको अधीनमा बस्नुपर्ने कुरालाई नकारेर नारी पनि पुरुषसरह अघि बढ्न सक्छन् र आफ्नो पहिचान र प्रतिनिधित्वका लागि आफै कदम उठाउन सक्छन् भन्ने विचार उपन्यासमा प्रकट भएको निष्कर्ष यस अध्ययनको रहेको छ ।*

**शब्दकुञ्जिका :** लैङ्गिक, प्रतिनिधित्व, पहिचान, पितृसत्ता, स्वअस्तित्व

## विषयप्रवेश

नारीवादी लेखनमा जोड दिने सानु शर्मा साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएकी छन् । साठीको दशकदेखि कृति प्रकाशन गरी साहित्यमा स्थापित भएकी शर्माले विशेषगरी कथा र उपन्यासमा दर्बिलो स्थान बनाएकी छन् । उनका अहिलेसम्म अर्धविराम (२०६०), जीतको परिभाषा (२०६६), अर्थ (२०६७), *विप्लवी* (२०७४), एकादेशमा (२०७५), उत्सर्ग (२०७७), फरक (२०७८) र ती सात दिन (२०८०) गरी आठओटा कृतिहरू प्रकाशित भएका छन् । यी कृतिहरूमा मूल रूपमा पितृसत्तात्मक

समाजमा नारीले भोगिरहेका पीडा र वर्गीय सम्बन्धले निम्त्याउने पारिवारिक समस्या प्रस्तुत गरिएको छ । चौथो कृतिका रूपमा प्रकाशित *विप्लवी* उपन्यासमा पनि शर्माले नारीसमस्यालाई नै केन्द्र बनाएकी छन् । उक्त उपन्यासमा उनले नारीलाई प्रयोग गर्ने भाँडो र भोग गर्ने साधनका रूपमा मात्र लिने पुरुषसत्ताको उत्खनन गरेकी छन् । स्वपहिचानका लागि नारीले पितृसत्तात्मक परिपाटी भत्काउनुपर्ने आशय प्रकट भएको उक्त उपन्यासमा शर्माले नारीलाई *विप्लवी* अर्थात् कान्तिकारी पात्रका रूपमा उभ्याएकी छन् ।

सांस्कृतिक अध्ययनको एक अवधारणाको रूपमा विकसित भएको लैङ्गिक अध्ययन साहित्यको अन्र्तविषयक र बहुविषयक अध्ययन हो । लैङ्गिक अध्ययनको केन्द्रीय विषयको रूपमा लैङ्गिक पहिचान र प्रतिनिधित्व रहको छ । साहित्यिक कृतिमा नारी र पुरुषको केकति प्रतिनिधित्व केकसरी भएको छ र नारी र पुरुषको निजि धारणा केकसरी प्रस्तुत भएका छन् भनेर लैङ्गिक पहिचान र प्रतिनिधित्वको अध्ययनले गर्दछ ।

लैङ्गिक पहिचान र प्रतिनिधित्वका दृष्टिले महत्त्वपूर्ण हुँदाहुँदै पनि समीक्षात्मक रूपमा मात्र *विप्लवी* उपन्यासको अध्ययन गरिएको पाइएको छ । उक्त उपन्यास लैङ्गिक पहिचान र प्रतिनिधित्वका कोणबाट अध्ययन गर्न सकिने भए तापनि यससँग सम्बन्धित रहेर कसैले पनि अध्ययनअनुसन्धान नगरेकाले उक्त कोणबाट अध्ययन गरिनु सान्दर्भिक रहेको छ । यसर्थ, *विप्लवी* उपन्यासमा निहित लैङ्गिक प्रतिनिधित्व र पहिचान केलाउनु यस अध्ययनको मुख्य उद्देश्य हो ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा लैङ्गिक प्रतिनिधित्व र पहिचानको सैद्धान्तिक मान्यतामा आधारित भएर सानु शर्माको *विप्लवी* उपन्यासको विश्लेषण गरिएको छ । यस अध्ययनमा *विप्लवी* उपन्यासलाई प्राथमिक सामग्रीमा रूपमा लिइएको छ भने यहाँ उठाइएका जिज्ञासाको प्राज्ञिक समाधानका लागि लैङ्गिक पहिचान र प्रतिनिधित्वसम्बन्धी सिद्धान्तलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । पुस्तकालयीय कार्यबाट प्राथमिक र द्वितीयक सामग्री सङ्कलन गरी सम्पन्न गरिएको यस अध्ययनमा निगमनात्मक विधिको प्रयोग गरिएको छ ।

## लैङ्गिक पहिचान र प्रतिनिधित्वसम्बन्धी सैद्धान्तिक अवधारणा

सांस्कृतिक अध्ययनको एउटा शाखाका रूपमा विकसित लैङ्गिक समालोचनाको अवधारणाका रूपमा पहिचान र प्रतिनिधित्वको विकास भएको हो । साहित्यिक कृतिमा नारी र पुरुषको उपस्थिति केकति छन् र तिनको चित्रण केकसरी गरिएको छ भन्ने ढङ्गलाई लैङ्गिक प्रतिनिधित्व भनिन्छ (शर्मा, २०७८ : १६१) । साहित्यिक पाठमा नारीलाई पुरुषको सापेक्षतामा कति प्रतिनिधित्व दिइएको छ भन्ने दृष्टिमा यो अवधारणा केन्द्रित देखिन्छ । त्यस्तै पहिचान मूल्य र विश्वास सँगसँगै एक प्रकारको मनोवैज्ञानिक निर्मिति पनि हो । यो जन्मजात नभई मानवद्वारा निर्मित सामाजिक अवधारणा हो । यो जहिले पनि विश्वासद्वारा निर्मित हुने सचेतना पनि हो (भट्टराई, २०७७ : १७९) । लैङ्गिक पहिचानमा समाजमा नारी, पुरुष वा अन्य लिङ्गीको परिचय स्थापनाका साथै सामाजिक समस्यालाईसमेत अभिव्यक्त गरिन्छ । यसले नारीप्रति

समाजको दृष्टिकोण र व्यवहारलाई जनाउँछ । यस अवधारणाले पहिचानलाई सामाजिक परिचयका रूपमा लिँदै सामाजिक हैसियत निर्माण गर्ने काम गर्छ । यसका साथै व्यक्तिको आफू नारी वा पुरुष के हुँ भन्ने निजी धारणालाई पनि लैङ्गिक पहिचान भनिन्छ (शर्मा, २०७८ : १६१) । कृतिभित्र महिला वा पुरुष पात्रलाई कुन तहमा राखिएको छ वा उनीहरूलाई कसरी परिचित गराइएको छ भन्ने कुरा पहिचानअन्तर्गत पर्दछ । लैङ्गिकतामा पहिचान आधारभूत पक्ष मानिन्छ । जुडिथ बटलरले आफ्नो अध्ययनमा लैङ्गिक पहिचान, सङ्कथन र सामाजिक सम्पादनजस्ता विषयवस्तु प्रस्तुत गरेकी छन् (भट्टराई, २०७७ : १५१) । शक्तिसम्पन्न र कमजोरहरूका बीचमा सधैँ मनोवैज्ञानिक खेल चल्छ भन्ने दृष्टिकोण आल्थुसरको रहेको छ । यसलाई अर्थ्याउन उनले 'इन्टरपिलेसन' शब्दको प्रयोग गरेका छन् । शासनसत्ताले उपयोग गर्ने विचारधारात्मक उपकरणहरूभन्दा उनी 'इन्टरपिलेसन' को महत्त्वपूर्ण भूमिका हुन्छ भन्छन् । उनका अनुसार सत्तातन्त्रको विचारधारात्मक उपकरणले समाजलाई विभिन्न श्रेणीहरूमा विभाजित गर्छ र उनीहरूको पहिचान पनि सुनिश्चित गर्छ (गिरी, २०७० : २२) । आल्थुसरले अभिजात वर्गले अधीनस्थ वर्गलाई कमजोर बनाउन मनोवैज्ञानिक खेल खेल्ने तथ्य प्रस्तुत गर्दै समाजमा कमजोर पक्ष शक्तिसम्पन्न पक्षको सिकार भएको विचार राखेका छन् । पहिचान र प्रतिनिधित्वको विश्लेषण गर्दा वर्गीय, जातीय, धार्मिक र लैङ्गिक समुदाय, विचारधारा पहिचान र अस्मिताको कोणलाई आधार बनाइन्छ । उपाय नभएको, बोल्नै नसक्ने वा वाचाल मध्ये कस्तो अवस्थाको प्रतिनिधि हो त्यो पनि यसमा हेरिन्छ । उक्त प्रतिनिधिको आवाज कस्तो छ ? मौन छन् कि आफै बोलेका छन् वा अरूद्वारा बोलिएका छन्, त्यो पक्ष पनि प्रतिनिधित्वमा हेर्न सकिन्छ (चैतन्य, २०७० : १५९)लैङ्गिक पहिचान र प्रतिनिधित्वमा पुरुष र नारीको पहिचान तथा प्रतिनिधित्वलाई अध्ययनको मूल विषय बनाइन्छ । समाज, राजनीति, साहित्यजस्ता क्षेत्रमा महिलाको प्रतिनिधित्व पुरुषको तुलनामा कम देखिन्छ र उनीहरूलाई स्वतन्त्र पहिचान दिइएको पाइँदैन भन्ने मान्यता यस अवधारणाले राख्छ । त्यसैले पहिचान र प्रतिनिधित्वचित्र मूलतः नारीको पहिचान र प्रतिनिधित्वलाई नै जोड दिइएको हुन्छ । तथापि प्रस्तुत अध्ययनमा पुरुष र नारीको पहिचान र प्रतिनिधित्वको अवस्थाका आधारमा सानु शर्माको *विप्लवी* उपन्यासको विश्लेषण गरिएको छ ।

## सामग्री विश्लेषण : प्राप्ति तथा छलफल

प्रस्तुत अध्ययनको विश्लेष्य सामग्री सानु शर्माको *विप्लवी* उपन्यास हो । उक्त उपन्यासमा प्रस्तुत लैङ्गिक पहिचान र प्रतिनिधित्वलाई विश्लेषणको आधार बनाइएको छ । प्रस्तुत अध्ययनमा उल्लिखित आधारलाई उपशीर्षक राखी लैङ्गिक अध्ययनभित्र रहेको पहिचान र प्रतिनिधित्वसम्बन्धी सैद्धान्तिक मान्यतामा रहेर उपन्यासको विश्लेषण गरिएको छ ।

### ***विप्लवी*** **उसन्यासमा लैङ्गिक पहिचान र प्रतिनिधित्व :**

सानु शर्माको *विप्लवी* उपन्यासमा मुख्य भूमिकामा रहेकी पात्र सासा र सहायक भूमिकामा रहेका सन्ध्या र ज्योति गरी यी तीन नारी पात्रले साथीप्रति गरिने निःस्वार्थ प्रेमको पहिचानलाई प्रस्तुत गरेका छन् । सासाको वास्तविक नाम सहर्षा राणा हो । उसले *विप्लवी* उपन्यासमा सम्भ्रान्त परिवारमा जन्मिएकी शिक्षित

पात्रको प्रतिनिधित्व गरेकी छ । उसले उपन्यासमा स्वपहिचान र नारी अस्तित्वका लागि समाज र पितृसत्ताका विरुद्ध आवाज उठाउने नारीको भूमिका निर्वाह गरेकी छ । उपन्यासमा सहायक भूमिकामा रहेका ज्योति र सन्ध्या सासाका साथी हुन् । ज्योति निर्दोष र पहिचानहीन पात्रको रूपमा उपन्यासमा उपस्थित छे । ऊ श्रीमान्बाट शारीरिक पीडा खप्न नसकेर ड्राइभरको सहायतामा केही समय टाढा गएर बस्छे । तर श्रीमान्ले ज्योति ड्राइभरसँगै गएको हल्ला फिजाउँछ । तत्पश्चात् आमाबुबा, बहिनी कसैको पनि सहयोग नपाएपछि आत्महत्या गर्न विवश बनेकी ज्योतिले निरिह पात्रको प्रतिनिधित्व गरेकी छ । यसैगरी सन्ध्या शिक्षित तर पारिवारिक रूपमा निम्नवर्गको प्रतिनिधित्व गरेकी पात्रको रूपमा उपस्थित भएकी छे । ऊ आफ्नो कुरूप अनुहारका कारण हरेक ठाउँबाट अपहेलित भएकी छे । तर उसले आफूलाई एक निडर पात्रको रूपमा उपन्यासमा उभ्याएकी छे । ऊ आफूलाई आर्थिक रूपमा सबल बनाएर भाडामा राखेको पात्रले नै विवाहका लागि प्रस्ताव गर्ने वातावरण बनाउन सक्ने एक सङ्घर्षशील पहिचान भएकी नारीको प्रतिनिधित्व गरेकी छे ।

उपन्यासमा पितृसत्तात्मक धारणा तथा व्यवहारबाट महिलाहरूले भोग्ने हिंसा र उत्पीडनलाई सासाको भूमिकाबाट देखाउन खोजिएको छ । उपन्यासमा सासाले समाजले परिभाषित गरेको नारीको गुणका विपरीत गएर आफ्ना विचारहरू पोख्ने र जीवन जिउने नारीहरूको सामूहिक प्रतिनिधित्व गरेकी छ । जातिगत आधारमा राणा परिवारको प्रतिनिधित्व गरेकी सासाले सहरिया नारीको प्रतिनिधित्व गरेकी छ । उपन्यासकारले उपन्यासमा सासाका माध्यमबाट आधुनिक विचार राख्ने नारीको प्रतिनिधित्व गराउन खोजेकी छन् । आधुनिक उच्चघरका युवा नारीहरू आफ्नो जीवन स्वतन्त्रतापूर्वक बिताउन चाहन्छन् । उनीहरू अभिभावक वा अन्य कोहीले आफ्नो कब्जामा राखेर नियन्त्रण गरेको र जीवनमा हस्तक्षेप गरेको मन पराउँदैनन् भन्ने कुरा उपन्यासमा प्रस्तुत भएको छ । वीरेन्द्रको मायाजालमा परेर विवाह गर्न बाध्य भएकी सासाले उसको असली रूप थाहापाएपछि दु:खी भएकी छ । वीरेन्द्रकी प्रेमिका हुँदा सर्वस्व प्राप्त गरेको भ्रममा परेकी उसले आमाबुबाका कुरा नसुन्दा दु:ख पाएकी छ । अपरिपक्क उमेर र जिद्दीपनाका कारण वीरेन्द्रसँग विवाह गर्ने निर्णय लिई पछुताएकी सासाको निम्नलिखित भनाइले स्वतन्त्र भई बाँच्न चाहने आधुनिक सहरिया नारीको पहिचान र प्रतिनिधित्वलाई यसरी स्पष्ट पारेको छ :

> म भाग्न नसक्नुका पछाडि मुख्यत: तीनओटा कारण थिए । पहिलो- वीरेन्द्र, जोबिना मलाई आफ्नो जीवन अधुरो लाग्थ्यो । दोस्रो- वीरेन्द्रसँग मैले आफ्नो जिद्दीले बिहे गरेकी थिएँ । मेरो रोजाइ थियो ऊ । ऊसँग जीवन बिताउने निर्णय मेरो थियो । अब म कुन मुखले भन्न सक्थेँ आफूले गरेको निर्णय छ महिना बित्दा-नबित्दै गलत साबित भयो भनेर, जब कि अगाडि सिङ्गै जिन्दगी बाँकी थियो । तेस्रो- मैले आफ्ना जन्मदाताहरूलाई एउटा दु:ख दिइसकेकी थिएँ, उहाँहरूको इच्छा विरुद्ध बिहे गरेर । वीरेन्द्रसँग अलग भएर म उहाँहरूलाई अर्को दु:ख दिन चाहन्नथेँ ।(पृ.१९)

माथिको उदाहरणले सासाको अपरिपक्क निर्णयले जन्माएको नकारात्मक परिणाम र सो परिणाम विरुद्धमा उत्रिन नसकेको बाध्यतालाई प्रस्तुत गरेको छ । सासा आमाबुबाको इच्छा विरुद्ध गएर प्रेमलाई

सर्वस्व ठान्दा पछुताएकी छ । वीरेन्द्रको वास्तविकता र सासूको हैकमविरुद्ध तत्काल उत्रिन नसकी सासाले श्रीमान्‌को प्रेम र सासूको सुखद व्यवहारबाट वञ्चित हुनुपर्दा आफ्नो व्यक्तिगत पहिचान गुमाएकी र अस्तित्व नभएकी नारीको प्रतिनिधित्व गरेकी छ । विवाह अगाडि निडर भूमिकामा रहेकी सासा विवाह पछि शक्तिको केन्द्रबाट झरेकी छ र ऊ श्रीमान्‌सँग बस्नुको विकल्प नभएको भन्दै कमजोर पहिचान भएकी नारीको रूपमा यसरी प्रस्तुत भएकी छ :

> सासुले बारम्बार नानाथरी भन्न थालेपछि मेरो मन पनि आत्तिन थाल्यो । साँच्चै, मबाट बच्चा हुन सकेन भने ? अर्को के विकल्प खोज्ला कँडेल परिवारले ? अनि उनीहरूको विकल्प वीरेन्द्रलाई स्वीकार्य होला ?(पृ.२५)

यहाँ सासा सन्ताबिहन भएपछि आफ्नो पहिचान गुम्ने हो कि भन्ने डरले त्रसित भएकी छ । यदि मातृत्वबाट वञ्चित हुनुपर्‍यो भने आफ्नो अस्तित्व नरहने अनुभूत गर्ने नारीको प्रतिनिधित्व गरेकी सासा सासूको व्यवहारबाट डराएकी छ । सासाले मबाट बच्चा हुन सकेन भने कँडेल परिवारले अर्कै विकल्प खोज्ला भन्दै आफैसँग गरेको प्रश्नले सासूले उसलाई नबुझेको, महिलाले पनि महिलालाई वस्तुका रूपमा लिएर पहिचानहीन बनाउन पितृसत्तालाई मदत गरेको देखिन्छ । सासाकी सासू पितृसत्तालाई मलजल गर्ने र परम्परावादी सोच भएकी नारीको पहिचान भएकी पात्रका रूपमा उपन्यासमा उपस्थित भएकी छ । ऊ सन्तान नजन्मनुमा नारीको मात्र हात हुन्छ भन्ने अन्धविश्वासी र परम्परावादी सोचको प्रतिनिधित्व गर्ने पात्र हो । जस्तै :

> मलाई त नाति चाहिन्छ, कँडेल परिवारको बिँडो धान्ने । हेर है सासा ! भन्द्या छु मैले, अर्को वर्षसम्म बच्चा भएन भने म वीरको अर्को बिहे गरिदिन्छु । त्यसैले जे गर्ने हो गरिहाल । भोलि फेरि हामीलाई दोष दिन पाउँपदिनौँ (पृ.२७) ।

यस उदाहरणबाट सासाकी सासू पितृसत्तालाई मलजल गर्ने पात्रको रूपमा प्रस्तुत भएको देखिन्छ । सासाले सन्तानका निम्ति नारीको शरीरको प्रयोग गर्ने र नारीलाई वस्तु ठान्ने पितृसत्तात्मक सोचबाट पीडित महिलाको प्रतिनिधित्व गरेकी छ । सन्तानमा पनि छोरो नै जन्माउनुपर्ने भन्दै नारीले नारीलाई नै पीडित बनाउने पीडक नारीको प्रतिनिधित्व गरेकी सासाकी सासूले सासालाई स्वतन्त्र पहिचान दिन सकेकी छैन । यसरी उल्लिखित भनाइले नारी केवल वस्तु हुन् र उनीहरू प्रयोग हुने साधन मात्र हुन् र समाजमा नारीले नै नारीलाई वस्तुकरण गर्ने र पुरुषसत्तालाई बलियो बनाउन सहयोग गर्ने भन्ने भाव व्यक्त गरेको छ । नारीको पहिचान पुरुषसँग रहन्जेल मात्र हुन्छ भन्ने मानसिकताबाट गुज्रेकी सासाकी आमा सासाको वैवाहिक सम्बन्ध तोडिन्छ कि भन्ने डरबाट ग्रसित भएकी छ । विवाहित नारीले जस्तोसुकै समस्याबाट जुध्न किन परोस् तर सम्बन्धबाट भने टाढा हुन हुन्न भन्ने सासाकी आमाको भनाइबाट नारीहरू स्वअस्तित्व र नारीकै सहयोगका लागि तयार हुन नसक्ने अवस्था समाजमा कायमै रहेको कुरा यसरी प्रस्ट हुन्छ :

> "छ्या ! के कुरा गरिबक्सन्छ हजुर पनि !" आमुले पहिलो पटक हस्तक्षेप गर्नुभयो, "जागिर, बिजनेस हो र विकल्प खोज्नलाई ? त्यही पनि के विकल्प खोज्छे यसले (पृ.३०)?"

माथिको अभिव्यक्तिमा नारीको कुनै पहिचान देखिएको छैन । छोरीलाई कमजोर देख्ने सासाकी आमा पुरुषप्रधान सोचबाट प्रताडित देखिन्छे । उसलाई आफ्नो छोरीप्रति कुनै विश्वास छैन । उसले छोरीको वास्तविकता थाहा पाउँदापाउँदै पनि विवाह नै सबैभन्दा ठूलो कुरा हो भनेर सम्बन्ध तोड्न नहुने कुरा व्यक्त गरेकी छ । आमा नै किन नहोस् तर नारी र पुरुषमा विभेद गर्छन् भन्ने अभिव्यक्ति उल्लिखित अंशमा पाइन्छ । उक्त अंशमा सासाकी आमाले पनि सङ्कुचित र पुरुषसत्तालाई नै सहयोग गर्ने नारीको प्रतिनिधित्व गरेको देखिन्छ । उपन्यासमा सासाको बुबा छोरीलाई छोरासरह अधिकार दिएर हुर्काउने सकारात्मक पहिचान भएको पात्रको रूपमा प्रस्तुत देखिन्छ । सासाले आफ्नो इच्छाले विवाह गरे तापनि उसले पिता हुनुको कर्तव्य राम्रोसँग निभाएको देखिन्छ । छोरीलाई बोझको रूपमा लिने मानसकिताबाट टाढा रहेको उसले उपन्यासमा एक असल पिताको प्रतिनिधित्व गरेको छ । उसले श्रीमतीलाई सम्झाउने क्रममा भनेका यी भनाइले ऊ एक असल र सफल पिता हो भन्ने पुष्टि गर्दछ :

> म त खाली यति चाहन्छु, सासाले स्कलरशिप नछाडोस् । केही समय नै सही, केवल आफ्नो लागि बाँचेर हेरोस् । आफ्नो लागि सोचोस् । कँडेल परिवारको हस्तक्षेप र दबावभन्दा पर स्वतन्त्रतापूर्वक सास फेरिरहोस् एकै छिन, ताकि हाम्रो अपराधबोध अलिकति भए पनि हल्का होस्.....।(पृ.३१)

प्रस्तुत उदाहरणमा सासाको पिता सन्तानलाई भेदभाव नगर्ने, सन्तानको खुसी चाहने आधुनिक सोच भएको पिताको प्रतिनिधित्व गर्ने पात्रको रूपमा देखिएको छ । छोरीको विवाह राम्रो घरमा नहुनुको दोष आफूलाई दिएको उसको उक्त अभिव्यक्तिले वर्तमान समयमा अभिभावकले सन्तानलाई हदभन्दा बढी स्वतन्त्रता दिने र उचित रेखदेख नगर्ने परिपाटीलाई पनि प्रस्तुत गरेको पाइन्छ । विवाहभन्दा ठुलो कुरा शिक्षा हो भन्ने बुझेको सासाका पिताले सासालाई आफ्नो लागि बाँचोस् र सोचोस् भन्ने चाहेको छ । उसको उक्त भनाइबाट नारीले स्वअस्तित्व र पहिचानका लागि लड्नसक्छन् भन्ने विचार व्यक्त भएको छ । समाजमा विवाह गरेर दिएपछि ठुलो काम सकियो भनेर सोच्ने अभिभावकभन्दा पर रहेर सासाको पिताले हरबखत सासालाई सरसल्लाह र सहयोग गरेको सन्दर्भबाट ऊ सहयोगी र कर्तव्यपरायण पिता हो भन्ने कुरा पुष्टि भएको छ । उपन्यासमा सासाकी सासू कँडेल्नी बज्यै पितृसत्तात्मक संस्कारले ग्रसित भएकी पात्र हो । ऊ सासालाई आफ्नो नियन्त्रणमा राखेर हैकम चलाउन चाहन्छे । शिक्षित र सम्पन्न परिवारकी सन्तान भएर पनि सासा सासूको आँखामा बुहार्तन सहेर बस्नुपर्ने एक सामान्य हैसियत भएकी नारीको रूपमा देखिएकी छ । श्रीमान् र सासूको सेवामा समर्पित भएर बस्नु विवाहिता नारीको धर्म हो भन्ने मान्यताले पोषित कँडेल्नी बज्यैको देखिन्छ । नारीको स्वतन्त्र अस्तित्व नहुने र ऊ सन्तान उत्पादन गरेर परिवारको सेवामा खटिनुपर्छ भन्ने कँडेल्नी बज्यैका धारणा उपन्यासभित्र यसरी प्रस्तुत भएको छ :

> न घर-व्यवहारको ख्याल छ, न कुनै कामको ढङ्ग । छोराले मन पराएर बिहे गऱ्या, सहिदिउँ न त भन्यो, तर कहिलेसम्म ? सात वर्ष भइसक्यो, नातिनातिनाको मुख देख्न पा'होइन । कुरा गरे, 'मलाई के भन्छ्यौ, आफ्नै छोरालाई भन, उसैमा कमजोरी छ', भन्छे ।(पृ.३४)

यहाँ सासाकी सासू कँडेल्नी बज्यैको भनाइबाट ऊ बुहारीलाई आफ्नो अधीनमा राख्न खोज्ने पहिचान भएकी पात्रको रूपमा प्रस्तुत भएकी छ । नारीहरू केवल घर सम्हालेर बस्नुपर्ने मान्यता राख्ने कँडेल्नी बज्यैले पुरुषकेन्द्री विचारधारा भएकी पात्रको प्रतिनिधितव गरेकी छ । उल्लिखित हरफहरूमा उपन्यासकारले पितृसत्ताको प्रभुत्वका कारण परिवारका नारी सदस्यले कसरी एकअर्कालाई बुझ्दैनन् भन्ने तथ्य उद्घाटित गरेकी छन् । सन्तान नजन्मनुमा नारी नै मुख्य दोषी देख्ने समाजको वास्तविकतालाई उपन्यासकारले कँडेल्नी बज्यै पात्रका माध्यमबाट प्रस्तुत गरेकी छन् । कँडेल्नी बज्यैले सात वर्षसम्म सन्तान नहुनुमा सासालाई नै दोष देखाउने पुरुषमैत्री स्वाभाव भएकी पात्रको प्रतिनिधित्व गरेकी छ । धनको लोभमा सासासँग झुठो प्रेमको नाटक गर्ने वीरेन्द्र नकारात्मक पहिचान भएको पात्र हो । उसले सम्पन्न परिवारकी सन्तान.सासासँग पैसा असुलेर मोजमस्ती गर्दै हिँड्ने खलपात्रको प्रतिनिधित्व गरेको छ । आफूबाट सन्तान नहुने जान्दाजान्दै पनि वीरेन्द्रले सासालाई नै दोष देखाउँदै ऊबाट पैसा असुलेर बाहिर केटी डुलाउँदै हिँड्छ । अन्ततः सासा वीरेन्द्रको कर्तुत थाहा पाएपछि उसलाई सबक सिकाउनका लागि यसरी प्रस्तुत भएकी छ :

> वीर, आ'म प्रेग्नेन्ट !....ऊ हडबडाउँदै उठेर बस्यो अनि सम्हालिँदै भन्यो, 'देख्यौ, मैले भन्या थिएँ नि, ममा कुनै कम्प्लिकेसन छैन भनेर ? अब त विश्वास भयो ?' उसले मलाई अँगाल्यो, 'अब त कुरा गर्छ्यौ नि ड्याडीसँग पैसाको ?' उसले मेरो पेटमा हात राख्दै थप्यो, 'अब यसको सुरक्षित भविष्यको लागि पनि हाम्रो बिजनेस जम्न जरुरी छ, सासा ! यसको कसम, म...।'(पृ. १८५-१८६)

वीरेन्द्रले बोलेका यी हरफहरूले पुरुषहरू नारीलाई कसरी आफ्नो जालमा पार्न खोज्छन् र स्वार्थका लागि कुन हदसम्म गिर्न तयार हुन्छन् भन्ने भाव व्यक्त गरेको छ । यहाँ वीरेन्द्र स्वार्थी पुरुषको पहिचान बोकेको पात्रका रूपमा उपस्थित भएको छ । उसले सासासँग पैसा हात पार्नका लागि प्रेमको नाटक गरेको छ । नारीलाई भोग गर्दै हिँड्ने वीरेन्द्र पैसाका लागि जे गर्न पनि तयार रहेको छ । यसरी यी हरफहरूमा नारीले आफूप्रति भइरहेको अन्यायलाई जति सहेर बस्छे उति नै पुरुषहरूले दमन गरिरहन्छन्, त्यसैले नारीले आफूप्रति गरिने दमनविरुद्ध उत्रिएर स्वपहिचानका लागि लड्नुपर्छ र अन्याय गर्ने पुरुषलाई पाठ सिकाउनुपर्छ भन्ने उपन्यासकारको आशय व्यक्त भएको छ । सासाले वीरेन्द्रको चरित्र नसुध्रिएपछि उसँग सम्बन्ध तोड्ने निर्णय लिएकी छ । उसको यस " ड्याड, त्यही सब थाहा पाएर त डिभोर्स चा'हुँ मैले !"(पृ.१९५) भनाइबाट नारीहरू अति भए पछि आफ्नो अस्तित्वका लागि आफै कदम उठाउँछन् भन्ने विचार व्यक्त भएको छ । नारीहरू सकेसम्म सम्बन्धलाई मजबुत बनाउन खोज्छन् तर अत्याचार खपेर धेरै समय बस्दैनन् भन्ने सासाको अभिव्यक्तिले प्रस्ट्याएको छ । सासा सुरुमा कमजोर देखिए पनि बिस्तारै आत्मविश्वास बढाउँदै लैजाने र स्वअस्तित्वका लागि लड्ने नारीको पहिचान भएकी पात्रको रूपमा प्रस्तुत भएकी छ । मातृत्व र साँचो प्रेमको सुख भोग गर्न नपाएकी सासा जर्मनीमा पुगेपछि आदित्यको समर्पणको भावनामा डुब्न पुगेकी छ । वीरेन्द्रको उत्तरदायित्वविहिन सम्बन्धबाट दिक्क भएकी सासा आदित्यको सहयोगी र अपनत्वको चरित्रबाट प्रभावित हुन्छे । आदित्यसँगको निकटताले उसलाई आत्मिक र शारीरिक सुख भोग गर्ने रहर पलाउँछ । यसैबिचमा आदित्यसँगको निकटता र आत्मीयताले सासा पूर्ण रूपमा आदित्यलाई आफ्नो शरीर

सुम्पन्छे । तत्पश्चात् सासाले आदित्यलाई "मेरो कोखमा तिम्रो बच्चा छ ।"(पृ.२०३) भन्दा आदित्यले "तिम्रो पेटमा मेरै बच्चा छ भनेर कसरी विश्वस्त भयौ ?"(पृ.२०३) भन्ने उत्तर सुनेपछि सासा आदित्यबाट पनि टाढा भएर पूर्ण रूपमा स्वअस्तित्वका लागि तयार हुन्छे । पुरुष केवल नारीलाई भोग गर्ने साधनका रूपमा मात्र हेर्छन् भन्ने भाव व्यक्त भएको *विप्लवी* उपन्यास नारीकेन्द्रित उपन्यास हो । सासाले अन्त्यमा भनेका निम्नलिखित भनाइले ऊ स्वपहिचानका लागि लड्न तयार भएकी पात्र हो भन्ने कुरा प्रस्ट पारेको छ :

> मलाई बोध भयो - म या कुनै स्त्री पानी होइन, जसको काम कसैको तिर्खा मेट्नु मात्र हो, न त स्त्रीलाई आकार लिन पुरुषरूपी भाँडो नै चाहिन्छ । स्त्री संसार हो, जसको अस्तित्वबिना सृष्टि सम्भव हुँदैन अनि सृष्टिबिना जीवन कसरी सम्भव हुन्छ ? (पृ.२०५)

वीरेन्द्र र आदित्य दुवैबाट विश्वास गुमेपछि अन्त्यमा सासाले भनेका उल्लिखित भनाइबाट नारी कसैको तिर्खा मेट्नका लागि मात्र जन्मेका होइनन् र नारीबिना सृष्टि असम्भव छ भन्ने कुरा प्रकट भएको छ । नारीले भोग्नुपरेको दर्दनाक अवस्थाको चित्रण गरिएको उपन्यासमा पितृसत्ताको प्रतिनिधित्व भएको समाजमा पुरुषले महिलालाई प्रयोग गर्ने र नारीको स्वत्वमाथि आफ्नो अधिकार प्रयोग गरी उनीहरूलाई अधीनस्थ गर्न खोज्ने विचार मूल रूपमा प्रस्तुत भएको छ । सासाको अन्तिम निर्णयले नारीहरू आफ्नो पहिचानका लागि आफै तयार हुन सक्छन्, उनीहरूलाई पुरुषको सहयोग आवश्यक नरहेको कुरा पुष्टि भएको छ । स्वतन्त्रता, हक र अधिकारका लागि समाज र परिवारसँग लड्ने तयार बनेकी सासा निर्भिक नारीको पहिचान भएकी पात्रको रूपमा प्रस्तुत भएकी छ ।

## निष्कर्ष

सानु शर्माद्वारा लिखित *विप्लवी* उपन्यास नारीवादी उपन्यास हो । शर्माले यस उपन्यासमार्फत नारीहरू आफ्नो पहिचान र प्रतिनिधित्वका लागि आफै तयार हुन सक्छन् भन्ने दृष्टिकोण प्रस्तुत गरेकी छन् । उपन्यासकी मुख्य पात्र सासा सुरुमा प्रेमका लागि आफ्नो इच्छा र चाहना त्याग गर्न विवश भएकी र अन्त्यमा पुरुष पात्र वीरेन्द्र र आदित्यको वास्तविकता थाहा पाएपछि स्वअस्तित्वका लागि विद्रोह गर्न तयार भएकी प्रसङ्गले उपन्यासमा नारीको पहिचान र प्रतिनिधित्वलाई नै मुख्य रूपमा प्रस्तुत गरेको देखिन्छ । श्रीमान्को शारीरिक र मानसिक यातना खप्न नसकेर मर्न विवश भएकी नारीको प्रतिनिधित्व उपन्यासकी पात्र ज्योतिले गरेकी छ । कमजोर आर्थिक हैसियत र सुन्दरताविहीन अनुहारका कारण मानसिक हिंसा खेपेकी पात्र सन्ध्या सङ्घर्षशील पहिचान भएकी र उपहासलाई शक्तिमा बदल्ने *विप्लवी* नारीको प्रतिनिधित्व गरेकी पात्रको रूपमा प्रस्तुत भएकी छ । उपन्यासमा अन्य नारी पात्रहरू पनि रहेका छन् । जसमध्ये सासाकी आमा र नन्दहरूले पनि सहायक भूमिका निर्वाह गरेका छन् । यसैगरी अर्की सहायक भूमिकामा रहेकी पात्र सासाकी सासू कँडेल्नी बज्यै नकारात्मक पहिचान भएकी पात्र हो । उसले परम्परागत मान्यतालाई संरक्षण गर्ने, बुहारीलाई आफ्नो बुहार्तनमा राख्न खोज्ने र पितृसत्तालाई मलजल गर्ने अन्धविश्वासी र खलपात्रको प्रतिनिधित्व गरेकी छ । उपन्यासमा वीरेन्द्र, सासाको बुबा, ज्योतिको श्रीमान्, ड्राइभर, आदित्यलगायतका पुरुषपात्रहरूमध्ये वीरेन्द्र र आदित्य प्रमुख भूमिकामा रहेका र अन्य सहायक

भएर पनि महत्त्वपूर्ण भूमिकामा रहेका पुरुष पात्र हुन् । वीरेन्द्र, ज्योतिको श्रीमान् र आदित्य नारीलाई झुठो प्रेमको बन्धनमा बाँधी आर्थिक र शारीरिक रूपमा शोषण गर्ने उत्तरदायित्वविहीन पहिचान भएका पात्र हुन् । नारीको जीवन निरर्थक हुनु र शोषित हुनुको कारक पुरुष देखिन्छन् । उपन्यासमा पुरुषबाट शोषित र दमित भएर पनि आफ्नो पहिचानका लागि आफै लड्न तयार हुने नारीको प्रतिनिधित्व मुख्य भएर प्रस्तुत भएको देखिन्छ । यसर्थ, उपन्यासमा सामाजिक, धार्मिक, आर्थिकलगायतका कारण नारीहरू सधैँ पहिचानहीन हुनुपरेको छ भन्ने दृष्टिकोण लेखकको रहेको छ । कुनै कालखण्डमा नारी र पुरुषलाई विभेद गर्ने परम्परा र आफूखुसी चलाएका भेदभावपूर्ण चलनले लैङ्गिक विभेद निम्त्याएको हुनाले समतामूलक समाजको स्थापना गर्न लेखकले प्रेरित गरेकी छन् । यसर्थ नारीका आवाजलाई मूलधारमा ल्याई लैङ्गिक पहिचान र प्रतिनिधित्वका लागि आवाज उठाउन अभिप्रेरित गरिएको उपन्यासमा लैङ्गिक पहिचान र प्रतिनिधित्वको अभिव्यक्ति सशक्त रूपमा प्रस्तुत भएको छ ।

## सन्दर्भ सामग्रीसूची

गिरी, अमर (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. *भृकुटी.* (असार, पृ. १२-४६), भृकुटी एकेडेमिक पब्लिकेसन ।

चैतन्य, (२०७०). "समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन". *भृकुटी.* (असार, पृ. १४२-१६५), भृकुटी एकेडेमिक पब्लिकेसन ।

भट्टराई, रमेशप्रसाद (२०७७). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण.* भुँडीपुराण प्रकाशन ।

पाण्डे, ज्ञानु (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०७८). *समालोचनाका नयाँ कोण.* ओरिएन्टल पब्लिकेसन हाउस ।

शर्मा, सानु (२०७४). *विप्लवी.* फिनिक्स बुक्स ।